म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७६ बुधबार, २३ माघ २०८१ ने. सं. ११४५ सिल्लाथ्व 5 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जनकल्याण सहकारीद्वारा ज्येष्ठ सदस्यलाई तीर्थस्थलको भ्रमण

हेटौंडा, २२ माघ/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले शेयर सदस्यलाई धार्मिक तीर्थस्थलको अबलोकन गराएको छ । संस्थाको चालू आव ०८१/८२ को वार्षिक कार्यक्रमअनुसार शेयरसदस्यलाई धार्मिक तीर्थस्थलको अवलोकन गराइएको संस्था अध्यक्ष हिमाल पौडेलले बताए । संस्थाले प्रत्येक वर्ष ज्येष्ठ शेयरसदस्यलाई धार्मिक तीर्थस्थलको अवलोकन गराउँदै आएको छ ।

संस्थाले धार्मिकतीर्थस्थल देवघाट र मनहरीमा रहेको ओमशान्तिद्वारा सञ्चालित आमाघरको अबलोकन गर्ने कार्यक्रम रहेको भ्रमण संयोजक यतीराज दंगालले बताए । भ्रमण दलमा सञ्चालक समिति, सल्लाहकार, कर्मचारी र ज्येष्ठ शेयरसदस्य समेत गरी ४२ जनाको सहभागिता रहेको छ ।

# बागमती प्रदेशसभा बैठकको नियमिततामा सैद्धान्तिक सहमति

प्रतिक्षा न्यौपाने



हेटौंडा, २२ माघ/ बागमती प्रदेशसभा बैठक सञ्चालनको नियमिततामा सरकार पक्ष र विपक्षी दलबीच सैद्धान्तिक सहमति भएको छ । बागमतीका सभामुख भुवन पाठकले मंगलबार राखेको सर्वदलीय बैठकमा प्रदेशसभालाई निरन्तर सञ्चालनका लागि सबै दलबीच सैद्धान्तिक सहमति जुटेको हो ।

सरकारले सहजै प्रदेशसभा सञ्चालनको वातावरण तयार नगरेको प्रतिपक्ष दलहरुले आरोप लगाउँदै आएका थिए । यसअघि विपक्षी दल नेकपा माओवादी केन्द्र, राप्रपा र नेकपा (एकीकृत समाजवादी), हाम्रो नेपाली पार्टीले सरकारसँग गरेका पूर्वसहमति कार्यान्वयन भएपछि मात्रै प्रदेशसभा सञ्चालन गर्न दिने अडान लिएका थिए । १७ माघमा प्रदेशसभा सचिवालयमा भएको कार्यव्यवस्था परामर्श समितिको बैठकमा १८ गते हिउँदे अधिवेशनको सुरुवात गर्ने बैठक सञ्चालनका लागि सहमित जनाउँदै आगामी बैठक सञ्चालनमा पूर्वसहमति कार्यान्वयनको ग्यारेन्टी खोजेको थियो ।

प्रदेशसभाको हिउँदे अधिवेशन माघ १८ गते मात्र सुरु भएको थियो । बैठकमा ३ वटा विधेयक पेस गर्ने भनिएको थियो । तर, दलहरुबीच सहमति नजुट्दा विधेयक पेस हुन सकेको थिएन । विपक्षी दलहरुले सरकारले विगतमा गरेका सहमति कार्यान्वयनको प्रगतिबारे बिहीवार प्रदेशसभामा बसेको कार्यव्यवस्था परामर्श समितिको प्रश्न उठाएपछि सम्भावित कार्यसूचिमा फेरबदल गरिएको थियो । ६ असोज २०८१ मा बागमती प्रदेशसभाका दलहरुबीच विपक्षी दलका सांसदको योजनामा बजेट थप गर्ने सहमति भएको थियो ।

नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीसहित विपक्षी दलले प्रदेशसभा अवरुद्ध गर्ने तयारी गरेपछि सरकारको सक्रियतामा बसेको सर्वदलीय बैठकमा अपुग बजेट थप्ने सहमति बनेको हो । त्यति बेलाको सर्वदलीय बैठकले योजनाको मूल्यांकन र बजेटको आकार निर्धारणका लागि नेपाली कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वको गठन गरेको कार्यदलले सरकारलाई प्रतिवेदन दिइसकेको छ । तर, सरकारले सहमति कार्यान्वयन नगरेको भन्दै विपक्ष दल असन्तुष्ट देखिएका हुन् ।

चालू आवको बजेट बनाउँदा माओवादी केन्द्रले सरकारको नेतृत्व गरेको थियो । हाल सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेस त्यतिबेला प्रमुख प्रतिपक्षको भूमिका थियो । सरकारले मंगलबार भएको सर्वदलीय बैठकमा सत्तामा हुँदा ल्याएको बजेटमाथि प्रश्न उठाउनु उचित नभएको सन्देशसहित आगामी बजेटमा विगतमा भएका कमिकमजोरीलाई सच्याएर अगाडि बढ्ने प्रतिबद्धता जनाएको छ ।

नेकपा माओवादी केन्द्र संसदीय दलका नेता शालिकराम जम्कट्टेलले प्रदेशसभा बैठक सञ्चालनमा कुनै वाधा नहुने बताए । सर्वदलीय बैठकमा कुनै सहमति नभएपनि छलफल भएको उनको भनाई छ । पत्रकारहरुको हाउस चल्छ की चल्दैन ? भन्ने प्रश्नमा उनले भने, 'हाउस अवरुद्ध गर्ने ठाउँमा पुगिसकेका छैनौं ।' सरकारसँग आफ्ना कुरा राखेर समय दिइएको उनले बताए । 'समयभित्र उहाँहरुले के गर्नु हुन्छ, त्यसमा फरक पर्छ ।'

सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले दलहरुबीच कुनै असहमति भए समाधान गरेर जानुपर्छ भन्ने सभामुखको जोडमा सरकार र विपक्षी दल सकारात्मक भएको बताए । हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनको रुपमा लगेर आउने विधेयकहरु प्रस्तुत गरेर प्रदेशसभा नियमित सञ्चालन हुनेछ । प्रदेशप्रमुखले फिर्ता गरेको विधेयकलाई पुन: अगाडि बढाइने छलफल भएको मन्त्री लामिछानेले बताए ।

आगामी दिनमा निर्माण हुने बजेटमा अगाडिदेखि नै गृहकार्य गरेर जाने विषयमा छलफल भएको उनी बताउँछन् । संसद पनि चलाउँदै जाने र बीचमा सहमतिका बिन्दुहरुमा पनि छलफल गरेर अगाडि बढ्नेमा एकमत भएको उनको भनाई छ । 'बजेटको अवस्था के हो ? हाम्रो घाँटी कत्रो छ ? यी सबै कुरा हेरेर काम गर्दै जाने विषयमा सहमति भएको छ' उनले भने । विपक्षी दलले उठाएका विषयमा मुख्यमन्त्री बहादुरसिंह लामाले सम्बोधन गर्दै जाने प्रतिबद्धता जनाएको उनले बताए ।

## गौरीटार रंगशाला निरीक्षण, फुटबल मैदान निर्माण अन्तिम चरणमा

साझाकुरा संवाददाता



हेटौंडा, २२ माघ/ बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले हेटौंडा-६ स्थित गौरिटार रंगशालामा निर्माणाधीन खेलकुद पूर्वाधारको स्थलगत निरीक्षण गरी पूर्वाधार निर्माणको प्रगतिविवरणबारे जानकारी लिएका छन् ।

निरीक्षणका क्रममा मन्त्री महर्जनले सम्बन्धित कार्यालय र निर्माण व्यवसायी कम्पनीलाई निर्माण कार्य तोकिएको मितिभित्रै सम्पन्न गर्न निर्देशन दिँदै निर्माणको क्रममा त्यसको गुणस्तरलाई विशेष ध्यान दिन आग्रह गरे । प्रदेश सरकारले खेलकुदक्षेत्रको विकासका लागि गुणस्तरीय खेलकुदका संरचना निर्माण गर्नुका साथै खेलाडी प्रोत्साहनमा समेत काम गर्ने लक्ष्य लिएको उनले बताए ।

निरीक्षणका क्रममा मन्त्रालयका सचिव केशवराज सुवेदी र प्रदेश खेलकुद विकास परिषद्का इन्जिनियर निवेश बर्तौलाले ब्रिफिङ गरेका थिए । रंगशाला परिषरमा करिब १८ करोड लागतमा फुटबल रंगशाला निर्माण गरिएको परिषद्ले जनाएको छ । सामाजिक विकास कार्यालय मकवानपुरमार्फत् निर्माण भइरहेको फुटबल रंगशालाको निर्माणकार्य अन्तिमचरणमा पुगेको र केही दिनभित्रै प्रदेश खेलकुद विकास परिषद्लाई हस्तान्तरण गर्ने तयारी भइरहेको परिषद्का सदस्य सचिव दीपक लामाले जानकारी दिए ।

उनका अनुसार सोही क्षेत्रमा निर्माणाधीन अन्तर्राष्ट्रिय मापदण्डको क्रिकेट रंगशाला र नेपालकै ठूलो पौडी पोखरी निर्माणको काम करिब ८० प्रतिशत सम्पन्न भइसकेको छ । २० असार २०८२ भित्र क्रिकेट रंगशाला र पौडी पोखरी निर्माणको काम सम्पन्न हुने उनले बताए ।

क्रिकेट रंगशालामा पहिलोचरणमा ६५० दर्शक क्षमताको प्याराफिटसहित ५ वटा पिच, ७० मिटर रेडिएशनको ग्राउण्ड भीआइपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रुम, टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङ लगायतका संरचना निर्माण हुँदैछ । त्यस्तै अन्तर्राष्ट्रियस्तरको पौडी प्रतियोगिता संचालन गर्न मिल्ने गरी नेपालकै ठूलो पौडीपोखरी र खेलाडीका लागि अभ्यास गर्न सानो पौडीपोखरी तथा प्याराफिटलगायत संरचना निर्माण गरिँदैछ ।

## हेटौंडाको १५ नम्बर वडा बालमैत्री घोषणा

साझाकुरा संवाददाता



हेटौंडा, २२ माघ/ हेटौंडा उपमहानगरपालिकाले फागुन १ गते बालमैत्री नगर घोषणा गर्ने अभियानअन्तर्गत हेटौंडा-१५ लाई २२ माघमा १८ औं बालमैत्री वडा घोषणा गरिएको छ ।

घोषणा कार्यक्रममा नगर प्रमुख मीनाकुमारी लामा प्रमुखअतिथि विशिष्टअतिथि उपप्रमुख राजेश बानियाँ र वडा अध्यक्ष सुनिल मोक्तानको सभाध्यक्षमा भएको थियो । १९ वटा वडा रहेको हेटौंडा उपमहानगरपालिका सबै वडालाई बालमैत्री घोषणा गर्ने लक्ष्यअनुसार अब अन्तिम वडा १४ नम्बरलाई बालमैत्री वडा घोषणा गरिनेछ । यससँगै हेटौंडा उपमहानगरपालिका फागुन १ गते बालमैत्री नगरको रुपमा औपचारिक घोषणा गरिनेछ ।

## बागमती प्रदेशमा एचपीभी खोप अभियान शुभारम्भ




साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ बागमती प्रदेशमा पाठेघरको मुखको क्यान्सरविरुद्धको ह्युमन पापिलोमा भाइरस (एचपीभी) खोप अभियान शुभारम्भ भएको छ ।

प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयमा आयोजित एक कार्यक्रमबीच प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले स्वास्थ्यकर्मीलाई खोप सामग्री हस्तान्तरण गर्दै खोप अभियानको शुभारम्भ गरेका हुन् ।

सो क्रममा मुख्यमन्त्री लामाले अझै पनि महिलाले समस्या लुकाएर बस्ने गरेको बताए । विशेषगरी दुर्गम भेगका महिलाले समाजबाट अपहेलित हुने डरले रोग लुकाएर बस्ने गरेको भन्दै मुख्यमन्त्री लामाले स्वास्थ्य समस्यालाई लाजको विषय नबनाउन आग्रह गरे ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा, आन्तरिक मामिला तथा कानूनमन्त्री सुरजचन्द्र लामिछाने, जिल्ला समन्वय समिति प्रमुख ललित घलान, हेटौंडा उपमहानगरप्रमुख मीना लामा लगायतको सहभागिता रहेको थियो । अभियानअन्तर्गत बागमती प्रदेशका १० वर्षदेखि १४ वर्ष उमेर समूहका २ लाख ९८ हजार तीनसय पाँच जना किशोरीलाई खोप दिइने लक्ष्य रहेको बागमती प्रदेश स्वास्थ्य निर्देशनालय हेटौंडाले जनाएको छ ।

निर्देशनालयका अनुसार, खोप अभियानअन्तर्गतका विद्यालयभित्र रहेका २ लाख ७५ हजार ७१ किशोरी र विद्यालय बाहिर रहेका २३ हजार २ सय ३४ जना किशोरीलाई खोप लगाउने तयारी रहेको छ ।

अभियान आगामी फागुन ६ गतेसम्म सञ्चालन हुने जनाइएको छ । खोप अभियानका लागि बागमती प्रदेशमा ४ हजार ५ सय ७९ खोप केन्द्र तोकिएको छ भने ४ हजार ३ सय २४ स्वास्थ्यकर्मीका साथै ८ हजार ७ सय ३६ स्वयंसेवक परिचालन गरिएको निर्देशनालयले जनाएको छ ।

## सगरमाथा आरोही कार्की र प्रअ उप्रेतीलाई सामुदायिक सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ मकवानपुरकै एकमात्र सगरमाथा आरोही विक्रम कार्की र अमर माविकी प्रधानाध्यापक मालती उप्रेतीलाई सामुदायिक सम्मान प्रदान गरिएको छ । रेडियो मकवानपुरको १५ औं वार्षिकोत्सवको समापनका क्रममा मंगलवार बकैया-४ का कार्कीलाई बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले नगद १० हजार रुपैयाँसहित दोसल्ला र सम्मान पत्रले सम्मान गरे ।

कार्कीले सगरमाथासहित नेपालको ३० वटा हिमालको सफल आरोहण गरिसकेका छन् । सगरमाथा आरोही कार्कीले आफ्नै जिल्लामा सम्मानित हुनपाउँदा खुशी लागेको बताए । 'हिमालको आरोहण गर्नु आफैँमा चुनौतीपूर्ण काम हो, आफ्नै सोखले सगरमाथासहित ३० वटा हिमालको आरोहण गरेको हुँ', उनले भने, 'मसँगै सगरमाथा आरोहणको यात्रामा निस्किएका नजिकको साथी समेत गुमाएँ । मकवानपुरकै पहिलो सगरमाथा आरोही हुन पाएकोमा खुशी छु' उनले भने ।

अमर मावि हेटौडाको शैक्षिकस्तर सुधार गरी उत्कृष्ट महिला प्रधानाध्यापकको रुपमा स्थापित मालती उप्रेतीलाई पनि सामुदायिक सम्मान प्रदान गरिएको छ । हेटौंडा-१ की प्रअ उप्रेतीलाई नगद १० हजार रुपैयाँसहित दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिएको हो । कार्यक्रममा मुख्यमन्त्री लामासँगै बागमती प्रदेशसभा सदस्य लक्ष्मीदेवी श्रेष्ठ, रेडियो मकवानपुर सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुली लगायतले उनीहरुलाई नगद, सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान प्रदान गरे । सम्मानित व्यक्तित्व प्रधानाध्यापक उप्रेतीले रेडियोले सम्मानका लागि योग्य ठानेकोमा खुशी लागेको प्रतिक्रिया दिइन् ।

'विगत ३ दशकदेखि शिक्षण पेसामा छु । केही वर्षदेखि हेटौंडाको अमर माविको प्रधानाध्यापक भएर काम गरिरहेको छु । विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि सक्दो काम गरिरहेको छु', उनले भनिन् । यस्तै रेडियोले उत्कृष्ट कर्मचारीको रुपमा प्राविधिक शाखाप्रमुख एनिस लुइँटेललाई नगद ७ हजार रुपैयाँसहित सम्मान गरेको छ । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिलाई सम्मान समेत गरिएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश सरकारको उपलब्धी ?

बागमती प्रदेशसभा गठन भएको ७ वर्षको अवधिमा ५ मुख्यमन्त्री र ८९ जना मन्त्री बनने अवसर प्राप्त गरेका छन् । एकसय १० जना प्रदेशसभा सदस्य रहेको बागमतीमा ५ वर्षको अवधिमा आधा भन्दा बढी मन्त्री बन्ने अवसर पाएको देखिएको छ । राजनीतिक अस्थिरताका कारण जनजीबिका भन्दा मन्त्रीपद पाउने कसरतमा समय बिताउनु परेको देखियो । २०७४ मंसिरमा सम्पन्न निर्वाचन पश्चात् संविधानको धारा १७५ बमोजिम साबिकको प्रदेश-३ को ११० सदस्यीय प्रदेशसभा गठन भएको थियो । प्रदेशसभाको पहिलो बैठक तत्कालीन प्रदेशप्रमुख अनुराधा कोइरालाले २०७४ माघ १८ मा आह्वान गरेकी थिइन् । ज्येष्ठ सदस्यको रुपमा नेकपा एमालेका सांसद डोरमणि पौडेलको अध्यक्षतामा प्रदेशसभाको पहिलो बैठक सञ्चालन भएको थियो । प्रदेशको नामाकरण गर्न नसकेर लामा समय बिनानाम चलाइयो । संघीयता कार्यान्वयनको ७ वर्षको अवधिमा बागमती प्रदेशसभाले ८४ वटा कानुन निर्माण गरेको छ । यो अवधिमा प्रदेशसभा सचिवालयमा दर्ता भएका ९१ विधेयकमध्ये ८४ वटा पारित भएको छ ।

पारित भएको ८४ वटामध्ये ८२ वटा विधेयक प्रदेशप्रमुखबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएको छ भने २ विधेयक फिर्ता भएको छ । प्रदेशसभाको ७ वर्षको अवधिमा बनेका मूलविधेयक ६४ वटा छन् भने १८ वटा चाहिँ संशोधन विधेयक छन् । ६४ मूल विधेयकमध्ये १६ वटा सालबसाली विधेयक प्रदेशसभाबाट पारित भएको छ । सात वर्षको अवधिमा प्रदेश सरकारले १४ वटा अध्यादेश जारी गरेकोमा प्रदेशसभा बैठकबाट ९ वटा अध्यादेशको प्रतिस्थापन विधेयक पारित भएको छ । ५ वटा अध्यादेश भने प्रतिस्थापन विधेयक ल्याउन नसक्दा निष्क्रिय भएका छन् । प्रदेशसभाको दोस्रो कार्यकाल कानुन निर्माणमा निकै सुस्त देखिएको छ । सरकार फेरबदलका कारण प्रदेशसभाले विधेयक निर्माणमा गति लिन नसकेको हो । दोस्रो कार्यकालअन्तर्गत २०७९ पुस १८ मा प्रदेशसभाको पहिलो बैठक सञ्चालन भएको थियो । त्यस यता प्रदेशसभाको ४ वटा अधिवेशन सञ्चालन भएको छ । यस अवधिमा १२ वटा विधेयक पारित भएको छ । प्रदेशसभाबाट पारित १२ विधेयकमध्ये प्रदेशप्रमुखबाट १० वटा प्रमाणीकरण भएको छ । २ वटा विधेयक प्रदेशसभामा पुनर्विचारका लागि फिर्ता पठाइएको छ । यो अवधिमा प्रदेशसभाबाट ८ वटा मूल ऐनसम्बन्धी विधेयक र २ वटा संशोधन विधेयक पारित भएको हो । प्रदेशसभाबाट २ वटा सालबसाली विधेयक पारित भई कार्यान्वयनमा आएका छन् । देशमा संघीयता कार्यान्वयनपछि भएको २ वटा आमनिर्वाचनबाट बागमती प्रदेशमा ५ जनाको नेतृत्वमा सरकार गठन भएको छ । यो अवधिमा प्रदेशले ८९ जना मन्त्री पाएको छ ।

२०७४ मा सम्पन्न प्रदेशसभा निर्वाचनपछि बागमती प्रदेशले ३ मुख्यमन्त्री र ३९ मन्त्री पाएको थियो भने दोस्रो कार्यकालमा मुख्यमन्त्री २ र मन्त्री ५० जना पाएको छ । २०७४ माघ २८ मा बागमती प्रदेश सरकारको नेतृत्व एमालेका डोर मणि पौडेलले सम्हालेका थिए । उनले प्रदेशमा ७ मन्त्रालय कायम गरेर ४३ महिना (३ वर्ष ७ महिना) सरकार सञ्चालन गरेका थिए । यो अवधिमा उनले एमालेका ५ र माओवादी केन्द्रका २ जना मन्त्री बनाएका थिए । सुरुमा नेकपा (एमाले-माओवादी केन्द्रको एकतापछि बनेको दल) बाट मुख्यमन्त्री बनेका पौडेलले नेकपाको सरकार रहँदा ८२ सांसदको समर्थन पाएका थिए । ४३ महिना सरकारको नेतृत्व गरेका पौडेलले २०७७ फागुनमा माओवादी केन्द्रको समर्थन गुमाएका थिए । नेकपाबाट माओवादी केन्द्र र एमालेको साथ छुटेपछि भने उनले एमालेका ५९ जना सांसदको मात्र साथ पाए । पौडेल नेतृत्वको सरकार गठन हुँदा एमालेकै केशव स्थापित भौतिक पूर्वाधार विकासमन्त्री बनेका थिए भने नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २४ गते बिहीबार ६ फेब्रुअरी २०२५ । नवमी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५०, सूर्यास्त ५:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# मर्मतसम्भार कुरिरहेको कर्मचारीतन्त्र



✍कृष्णप्रसाद पौडेल

भनसुन, घुस वा आफ्नो मान्छे नहुनेको केही आकस्मिक र अत्यावश्यक सेवामा बाहेक सरकारी काम समयमै भएको कोही हुनुहुन्छ भने तपाईं अपवाद हो । नागरिकको करबाट पालेको स्थायी सरकार भनिने कर्मचारीतन्त्र बारे यस्तो कटुवचन लगाउँदा यसमा संलग्न व्यक्ति र तिनका आफन्तजनको अपमान गरे जस्तो सुनिएला तर तितो यथार्थ यही हो । सँगै, यो भनिरहँदा यो संयन्त्रभन्दा बाहिर रहेका कुनै पनि सेवा प्रदायक यो प्रवृत्तिबाट चोखा छन् भन्ने अर्थ नलागोस् । नेपाली समाज भ्रष्ट मति र प्रवृत्तिबाट आक्रान्त छ । भ्रष्टाचार, ठगी, अनियमितता र अपचलन यसका दीर्घ रोग हुन् । यी रोगको निदान हुने छाँटकाँट कतै देखिँदैन । यिनको उपचार नभएसम्म नेपाली समाज तङ्गिएर हिंडडुल गर्ला भन्ने आश गर्न सकिँदैन ।

यस्तो दीर्घ रोगको मूल कारक यही असान्दर्भिक र भुत्ते बन्दै गएको स्थायी सरकार भनिने सरकारी संयन्त्र हो । यसलाई सम्हाल्न र समयसापेक्ष परिमार्जन गर्न नसक्नु नै यो रोग बल्झिनुको मुख्य कारण हो । यसको उपचार नहुनु कतिपय अवस्थामा यसको नेतृत्वको नियत हो भने अन्य अवस्थामा राजनैतिक नेतृत्व अक्षम भएर हो । सदियौं पुरानो नेपालको निजामती सेवा भनेर चिनिने शासनको सरकारी संयन्त्रको समयसाक्षेप मर्मतसम्भार भएकै छैन र यसो गर्ने आँट विगत ३५ वर्षमा बनेका सरकारको नेतृत्वले कहिल्यै देखाउन सकेनन् । उल्टै यसलाई आफ्नो स्वार्थ अनुकूल व्यापक दुरुपयोग गरिरहे । यसो गरिंदा यसका अधिकांश पार्टपुर्जा खिया लागेर छिया-छिया भएका छन् ।

कतिपयले अलि-अलि काम गरे पनि यो संयन्त्र राम्ररी चल्ने अवस्थामा छैन । अहिले आफ्ना मान्छे, भनसुन, चलखेल र माथिको आदेश नै यसको मूल्यमान्यता, ढाँचा र प्रवृत्ति बनेको छ । यो नेपाली समाजको सबै संरचना, अधिसंरचना, सामाजिक मनोविज्ञानका साथै सामाजिक जीवनका क्षेत्रमा विषवृक्ष जस्तै झाङ्गिँदै र फैलिँदै गएको छ । आम नागरिकले तिरेको कर र विदेशी शुभेच्छुकका दान-दातव्यबाट राज्य संचालनको विधि अनुसार, सेवा प्रवाहको प्रशासनिक कार्यभार बोकेको यो संयन्त्रका सबै सदस्यहरूलाई दक्षताका आधारमा तहगत जिम्मेवारी र कार्यभार सहितको सेवा-सुविधा र पारिश्रमिक तोकिएको हुन्छ । तर अहिले यी कुनै मापदण्डले काम गरेको देखिँदैन ।

यो संयन्त्रको चुरीफुरी, चर्तिकला र औकातलाई नजिकबाट देख्ने, भोग्ने र चाल पाउनेको अनुभवमा यसले आफ्नो मूल जिम्मेवारी र मर्म पूरै बिर्सेको छ । यस्तो हुनुमा यसलाई सञ्चालन गर्ने सरकारको नेतृत्व पूर्णरूपमा जिम्मेवार छ तर यसलाई यो मर्मको कुनै बोध भएको देखिँदैन । सैद्धान्तिक रूपमा यस संयन्त्रका ठूला-साना सबै तह जिम्मेवार राष्ट्रसेवक हुन् यसमा कुनै विवाद छैन । यो चुस्तदुरुस्त नभएसम्म सरकारी कामकाजले गति समेत लिँदैन । आम नागरिकले तिरेको करबाट तलब र अन्य सुविधा लिने यिनको नागरिक उत्तर दायित्व र सामाजिक सेवाभाव मूल मूल्य-मान्यता हुनुपर्ने हो ।

तहगत वृत्ति विकासको प्रोत्साहन नै यस्तो सेवाको काममा खट्ने उत्प्रेरणा र आकर्षण पनि हो । तर यीमध्ये धेरैको दैनिक अभ्यासमा भने यस्तो सेवाभावको भावना विरलै महसुस गर्न पाइन्छ । आम नागरिकको अधिकार रक्षा र कर्तव्य पालना गराउन सरकारको नेतृत्व गर्ने दलका नेता र सरकारी कर्मचारी बीच नङ र मासुको सम्बन्ध हुनुपर्छ । यो स्वाभाविक सम्बन्ध हो । तर अहिले बेथिति र भ्रष्टाचारलाई संस्थागत गर्ने काममा मात्र यी दुवै हल बाँधिएर हिंडेका छन् । तरकारी बजार, सहकारी सेवा लगायतका सबै राज्य उत्तरदायी हुनुपर्ने क्षेत्रमा दलाल बिचौलियाको चलखेल छ । यिनैसँग सेटिङ मिलाउन खप्पिस कर्मचारी नै अहिले सबैतिर हाई-हाई छन् । यिनले यस्तो चलखेलको सरकारी अनुमोदन गर्ने जिम्मा लोभीपापी नेताहरूलाई लगाएर भागबन्डा मिलाउँदै निवृत्त हुनासाथ यिनै नेता जोगाउने लाभका पदमा आसीन हुन पुग्छन् ।

हामी जस्ता सामान्य मानिसले समेत थाहा पाएको यो प्रवृत्ति के सरकारको नेतृत्व र राजनीतिका ठालुलाई थाहा छैन होला त ? उनीहरूलाई यो सबै कुरा राम्ररी थाहा छ तर उनीहरूमध्ये धेरैले यस्तो प्रवृत्तिलाई प्रश्न राख्ने हैसियत गुमाइसकेका छन् भने बाँकी यिनैसँगको मिलोमतोमा भाडा उठाएर जिन्दगीको गाडी चलाउँछन् । त्यसो त यो संयन्त्रमा काम गर्ने कर्मचारी सबै एकै छैनन् । यसमा काम गर्ने सानो तहका कर्मचारी त यिनैका हाकिमका दासताको दाम्लोमा बाँधिएर पिल्सिएकै छन् । त्यसैले कर्मचारीतन्त्रको बाहिर देखिने दुर्गुण सोलोडोलो देखाएर सबैलाई धारे हात लगाउन हुँदैन र यसो गर्दैमा हाम्रो समस्या समाधान पनि हुँदैन ।

मूल कुरा त यो राज्य संयन्त्रलाई कसरी हाम्रै सन्दर्भमा समयसापेक्ष बनाउँदै यसको भूमिका प्रभावकारी बनाउने भन्ने नै हो । यो संयन्त्रलाई चुस्त, दुरुस्त र यसका हरेक पुर्जालाई सक्षम बनाउने ऊर्जा थप्न कन्जुस्याइँ गर्नुहुँदैन । सँगै, काम नलाग्ने पुर्जा फेर्न हिच्किचाउनुहुँदैन । विडम्बना, अहिलेसम्म पनि यो संयन्त्रको प्रभावकारी कार्य सम्पादनका लागि गर्नुपर्ने मर्मत, सम्भार र फेरबदल गर्ने सुरसार छैन ।

एकातिर, यो संयन्त्रले राज्य सञ्चालनमा प्रभावकारी भूमिका निर्वाह गरी आम नागरिकको सेवा दिई सरकारको राजनैतिक नेतृत्वलाई सफल बनाउने मूल ध्येय नै बिर्सेर चाकरीमै रमाउने गरेको छ । सँगै यसको सञ्चालन गर्ने कानुन र कार्यविधिमै सरकारलाई रोजगारदाता र यसका कर्मचारीलाई श्रमिकको दर्जामा राखेर औद्योगिक मजदुर जस्तै हकअधिकारका लागि संगठित हुन पाउने छुट दिन चलखेल गरि दैछ । त्यसै त सरकारको नेतृत्व यो संयन्त्रको विश्वकर्मा पूजा गर्दै, धुप बाल्दै र धाप मार्दै बरालिएको अवस्था छ भने कानुनी हैसियत नै यस्तो बनाएपछि के होला ?

यो थोत्रो हुँदै गएको संयन्त्र नफेर्ने हो भने मुलुक फेरिँदैन । यस्तो संयन्त्रको पुनर्संरचना नै अहिले प्रभावकारी शासन प्रणालीको बहसमा मूल मुद्दा हुनुपर्ने हो । तर अहिले समग्रमा यसको पुनर्संरचनालाई केन्द्रमा राखेर गर्नुपर्ने बहस नै उठेको छैन । अहिलेसम्मको चालढाल हेर्दा यसतर्फको यात्रा तय गर्न संक्रमणकालीन ढाँचा बनाउन यो व्यवस्था नै चुकिनै सक्यो भन्दा अतिशयोक्ति हुँदैन । यस्तो पत्रु संयन्त्र फेर्ने आँट नगरेकै कारण अहिलेसम्म सरकारको कामको परिणाम ननिस्केको कटु यथार्थ हो । यसबाट भागेर सत्तासीन नेतृत्व सफल भएको इतिहास कतै छैन । अझै यस्तै रहिरहे यस्तो अक्षमताको मूल्य आजको समाजले मात्र हैन भविष्यको पुस्ताले समेत चुकाउनुपर्नेछ ।

यसको मर्मतसम्भार गर्ने आँट नपुग्दा नै अहिलेको बेथिति निम्तिएको हो । इमानदारीपूर्वक यो आँट देखाउने हो भने यो धेरै नै सरल छ । तर यसका लागि लोभ र डर बिर्सन तयार, साहसिक र उच्च मनोबल भएको सरकारको नेतृत्व भने पूर्व शर्त हो । यसको सुधार बाहिर बाट देखिने जस्तो जटिल छैन किनकि यो संविधान, कानुन, ऐन र नियमावली र कार्यविधिका मापदण्डभित्र काम गर्न बाध्यकारी संयन्त्र हो । जिम्मेवारी अनुरूपको काम भए-नभएको तहगत अनुगमन र यसका आधारमा दण्ड र सजायको निर्ममतापूर्वक गरिने पालना नै यो संयन्त्रको पुनर्जीवनको कडी हो ।

आधारभूत रूपमा स्पष्ट नीति र पारदर्शी प्रक्रिया यसको समयानुकूल सुधारको अचूक हतियार हो । तर आफ्नो पदीय जिम्मेवारी पूरा गर्नबाट चुकेको राजनैतिक नेतृत्व र स्थायी सरकारको सिंहासनमा रहेका कर्मचारीबाट यस्तो सुधारको अपेक्षा यही अवस्थामा गर्न कठिन भएको मात्र हो । यस्तो संयन्त्र सुधारको प्रयत्नका उदाहरण हाम्रा नजिकै छन् । यिनको सफलता र असफलता दुवैबाट सिक्नु उत्तिकै आवश्यक छ । यी प्रयत्नहरूले सिकाएको मुख्य पाठ के हो भने यो संयन्त्रलाई दलीय राजनैतिक दबाबमा परेर काम गर्नु नपर्ने परिस्थिति र घरपरिवार चलाउन घुस खान नपर्ने गरी पर्याप्त तलब र सुविधा दिनुपर्छ । साथै, कामचोर र भ्रष्ट कर्मचारीलाई कडा सजायको भागीदार बनाउने नीति र कानुनको कडाइसाथ पालना गरिनुपर्छ । यी कुरा भने समाजका सबै क्षेत्रमा उत्तिकै लागू हुन्छ । तर स्वाभाविक रूपमा सुधारको सुरुवात भने यही संयन्त्रबाटै गर्नुपर्छ किनकि राज्य व्यवस्था रहेसम्म यस्तो संयन्त्र चाहिन्छ ।

किनकि यो नागरिकले सेवा पाउने शर्तमा करार गरिदिएको आफैंलाई सञ्चालन गर्ने व्यवस्था हो । अर्को अर्थमा यो हाम्रो आँगन जस्तै फराकिलो क्षेत्र हो, यो फोहोर रहेसम्म मझेरी सफा हुँदैन । सरकारको नेतृत्वले खुट्टा टेके, यसको मर्मतसम्भार गर्न केही नमूना क्षेत्र र विभागीय कार्यालय लिएर वा कर्मचारीतन्त्रको सुधारका लागि सबलीकरण (रेट्रोफिटिङ) पद्धति अपनाएर आजदेखि नै सुरुवात गर्न सकिन्छ । यसका लागि सरकारले केही पूर्व तयारी भने लोकतान्त्रिक विधि, पारदर्शी प्रक्रिया र पूर्वाग्रह रहित तरिकाले गर्नुपर्छ ।

सबैभन्दा पहिले, राजनीतिक नेतृत्वले कर्मचारीतन्त्र मर्मतसम्भारको आवश्यकता, औचित्य र दीर्घकालीन दृष्टिकोण र मार्गचित्रको रूपरेखा बनाउनुपर्छ । यसका आधारमा पुनर्गठन विधि र प्रक्रियाको स्पष्ट खाका बनाई यसका लागि आवश्यक कानुनी व्यवस्था गरिनुपर्छ । दोस्रो, माथि उल्लिखित तयारी चरणको काम गर्न अख्तियारी सहितको र कर्मचारी प्रतिनिधि समेत सम्मिलित एउटा स्वतन्त्र कार्यदल बनाउनुपर्छ । यस कार्यदलले अहिलेको अवस्थामा यसको मर्मतसम्भारका लागि सम्भावित विकल्प सहित तयार पारेको मस्यौदा योजनामा राजनैतिक र सरकारी तहमा व्यापक छलफल गरी दृढ अठोटका साथ कार्यान्वयनको प्रक्रियामा लैजानुपर्छ । यसका विकल्प धेरै हुन सक्छन् छनोट गर्ने जिम्मेवारी यसका नीति निर्णायकलाई दिइनुपर्छ ।

तेस्रो, यस्तो नयाँ प्रक्रियाको सुरुवातमा अलमल र विवाद सुरुदेखि नै आउँछन् । यिनको समाधान गर्न तत्कालका लागि कर्मचारी प्रतिनिधि सहितको एउटा अधिकारसम्पन्न स्वतन्त्र संयन्त्र बनाउन सकिन्छ । किनकि यसको मर्मतसम्भार यही संयन्त्रका कर्ताको अगुवाइमा मात्र हुनै सक्दैन । अहिलेसम्म यसको सुधार गर्न भन्दै तिनैका पूर्व वा वर्तमान कार्यकारीलाई जिम्मा लगाउने र राजनैतिक नेतृत्वले जिम्मेवारी नलिने गरिएकोले नै यो काम हुन नसकेको हो । मुख्य त राजनैतिक दल र तिनका नेताले देश र नागरिकप्रतिको जिम्मेवारीबोध नगरेसम्म यसको सुरुवात नै हुँदैन । यिनले आफ्ना र आसेपासेका वरिपरि रमाउन जुन दिन छाड्ने छन् सबै सुधारका प्रक्रिया र समृद्धिको यात्रा त्यहींबाट सुरु हुनेछ । नेपालको समृद्धि यात्रा सफल बनाउन यो सद्बुद्धि पलाउने दिनको प्रतीक्षा गर्नुको अर्को विकल्प भने तत्काल देखिँदैन ।

*(साभार: अनलाइनखबर)*

# राजनीतिमा ओलीको उदय र बढ्दो आलोचना

✍खेमराज निरौला

नेपालको संविधान २०७२ घोषणाको करिब एक दशक बित्नै लाग्दा नेपालका मुख्य ठूला दल र सत्ता राजनीतिमा अवाञ्छित उतार चढावहरु देशले बेहोरिरहेको छ । खास गरी ठूला राजनीतिक दलहरुमा देखिएको असन्तुष्टि र विचलनदेखि लिएर सरकारको स्थायित्वको विषय बढी नै चर्चामा आएका छन् । कुनै पनि सरकारले आफ्नो कार्यकाल पूरा गर्न नसकेको, मुलुकका समस्या झन्-झन् बढ्दै गएको, जनआक्रोश र असन्तुष्टि चुलिँदै गएको, भ्रष्टाचार र अनियमितताले मुलुक आक्रान्त बनिरहेको, राजनीतिक नेतृत्व र जनप्रतिनिधिप्रति जनआक्रोश बढिरहेको घटनाक्रमले देशको राजनीतिले सफलताको बाटो समात्न नसकेको जनगुनासो सर्वत्र सुनिन थालेको छ । संविधानको सफल कार्यान्वयन गर्दै संघीयतालाई थप मजबुत बनाई मुलुकमा समृद्धि र विकासका लागि बलियो एवं स्थिर सरकारको आवश्यकतामा नै मुलुक रुमल्लिरहेको छ ।

संसद् विघटन गरेर पतनको बाटो रोजेको आलोचना खेपिरहेका केपी शर्मा ओली २०७८ फागुन २३ को सर्वोच्चको फैसालाबाट एकाएक उदयमान राजनेताको रुपमा प्रकट हुँदा खास गरी उनका आलोचकहरु भने आश्चर्यमा परेका छन् । धेरै पुराना कम्युनिस्ट नेता एवं ओलीसँग धेरै नजिकबाट संगत गरेकाहरुको टिप्पणीबाट पनि ओलीलाई एउटा जबरजस्त नेताको रुपमा उभ्याइदिएको छ । मजधारमा पुगेका ओलीलाई फेरि एकपटक नेपाली राजनीतिको प्रमुख स्ट्राइकर, मुद्दा बोकेको र मुद्दा दिन सक्ने नेताका रुपमा चिनाइदिएको छ । आलोचना सहन नसक्ने, विधि र पद्धतिलाई चुनौती दिने स्वेच्छाचारी लहडीका रुपमा चित्रण गरिने गरिन्छ । उनकै समकक्षीहरुका टिप्पणीले नेपालमा ओली जत्तिको अड्डी कस्ने वाक चार्तुयता भएको र बाहिर ठट्टा गर्ने अनि भित्रभित्रै गम्भीर योजना बनाउने रणनीतिक एवं चतुर राजनीतिक खेलाडीका रुपमा अरु छैनन् । तर सबैलाई ओलीको बोली र व्यवहार मन परे पनि वा नपरे पनि समयको क्रमसँगै ओलीमा यी व्यवहार र विशेषता पुष्टि भएका छन् ।

नेपाली कांग्रेस र नेकपा एमाले गत असार १७ गते मध्यरातमा सातबुँदे सम्झौता गर्दै सरकारको नेतृत्वमा छ । राजनीतिक अस्थिरता, बढ्दो भ्रष्टाचार र अनियमितताको जिम्मेवारी यी दुई दलले लिनुपर्छ । किनभने लामो समय सरकारको नेतृत्वमा रहने यिनै दुई ठूला दलले विधि, पद्धति र संस्कारको बीजारोपण गर्नुपर्ने हो मुलुकमा । त्यसो नभएर अहिले यिनै दुई ठूला दलप्रति जनआक्रोश केन्द्रित छ । सत्तास्वार्थमा मात्रै लिप्त रहेको र भ्रष्टाचार एवं अनियमितताका काण्डमा दुई ठूला दलका नेता धेरै मुछिएका घटनाले ठूला दलबाटै लोकतन्त्र र विधिको शासनमाथि प्रहार हुन थालेको आम बुझाइ छ । अहिले मुलुकको ४५ औं प्रधानमन्त्रीको रुपमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गरिरहेका छन् । संविधान संशोधन, भ्रष्टाचार नियन्त्रण, राजनीतिक स्थायित्वको ललिपप देखाएर सत्ता साझेदारीमा होमिएका कांग्रेस-एमाले प्रभावकारी काम गर्न नसकेकोमा आलोचित छन् । खास गरी प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यशैलीप्रति पार्टीभित्र र सरकारभित्रै पनि तीव्र आलोचना हुन थालेको छ । सरकारलाई करिब दुई तिहाइ जनमत प्राप्त छ तर अध्यादेशबाट शासन सञ्चालन गर्नुपर्ने अवस्था आउनु दुर्भाग्यपूर्ण छ ।

नेपाली राजनीतिमा र सत्ता राजनीतिमा प्रभाव जमाउँदै आएका केपी शर्मा ओली क्रमश: कमजोर हुँदै पार्टीभित्रै पनि आलोचित बन्न थाल्नु उनको राजनीतिक पतन शुरु भएको रुपमा बुझ्न सकिन्छ । खास गरी २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् पार्टीभित्र उनी शक्तिशाली मानिन्थे । २०४९ सालदेखि २०७१ सालसम्म नेकपा एमालेको स्थायी कमिटी सदस्य मात्रै रहे पनि पार्टीभित्र राम्रै प्रभाव थियो र शक्तिशाली मानिन्थे । त्यसपछि २०७० सालमा झलनाथ खनाललाई हराएर संसदीय दलको नेतामा निर्वाचित भएका थिए भने २०७१ असारमा सम्पन्न एमालेको नवौं महाधिवेशनबाट माधवकुमार नेपाललाई पराजित गर्दै अध्यक्षमा निर्वाचिन भएपछि राष्ट्रिय राजनीतिमा केपी शर्मा ओलीको जबरजस्त उदय भएको थियो । २०७२ साल असोज २४ मा प्रधानमन्त्रीमा निर्वाचित भएपछि सत्ता राजनीतिको मियोका रुपमा ओलीलाई बुझ्न थालिएको हो । प्रधानमन्त्रीका रुपमा पहिलो कार्यकाल भने अविष्मरणीय थियो ।

नेपालको संविधान जारी हुन नदिन भारतले खुलेआम हस्तक्षेप गर्न खोजेको थियो तर त्यो सम्भव नभएपछि अघोषित नाकाबन्दीलाई ओलीले डटेर सामना गरेका थिए । त्यस बखत उनको छवि राष्ट्रवादी प्रखर नेताका रुपमा कहलिएको थियो । त्यसपछिका प्रधानमन्त्रीको रुपमा उनको कार्यकाल सदैव विवादित र आलोचित बन्दै आएको छ । दुईपटक संसद् विघटनको सिफारिस उनको राजनीतिक जीवनकै सर्वाधिक आलोचित र विवादास्पद कार्यका रुपमा आमजनताले आलोचना गर्नुपर्‍यो । पार्टीभित्र उत्पन्न असन्तुष्टि र विवादलाई समाधान गर्न नसक्दा सिंगो एमाले टुक्रिएर कमजोर बन्नुपर्‍यो । यो अर्को असफलता थियो ।

करिब एक दशकको राजनीतिक उदय र सफलताको दाबी गरिरहेका केपी शर्मा ओलीको तेस्रो सत्तारोहण पनि प्रभावकारी र खासै सफल भएको देखिँदैन । तत्कालीन नेकपा एमाले र माओवादी एकीकरण भई नेकपा बनेपछि आफूलाई जेट विमानको पाइलटको संज्ञा दिएका दुई नेता ओली र प्रचण्डबीचको राजनीतिक सहयात्रा लामो समयसम्म टिक्न नसक्नुको पछाडि पनि ओलीकै बेइमानी भएको बुझाइ छ । दक्षिण एसियाकै एउटा उदयमान कम्युनिस्ट शक्तिको रुपमा दुई नेताले आफूलाई स्थापित गराउन प्रयास गरे तापनि अन्तत: त्यो एकता लामो समयसम्म टिक्न सकेन । त्यहींबाट ओली क्रमश: आलोचित बन्दै आउन थालेका हुन् र उनको राजनीतिक अवशान पनि त्यहींबाट शुरु हुन थालेको हो ।

माधवकुमार नेपालहरु एमालेबाट निस्किएपछि पार्टी करिब-करिब एकलौटी चलाउँदै आएका ओली गत मङ्सिर ३० मा पार्टी कार्यालय च्यासलबाट ‘एमालेभित्र विष्णु पौडेलको पनि गुट छैन र शंकर पोखेलको पनि गुट छैन’ भन्नुपर्ने अवस्थामा आइपुग्नुले अब पार्टीभित्र केही न केही गडबडीको संकेत गरेको छ । भ्रातृ संगठनदेखि लिएर गत आमनिर्वाचनयता एमाले निरन्तर संगठन विस्तार र पार्टी कार्यकर्ता परिचालनमा लागिरहेको छ । मिसन ग्रासरुटदेखि मध्यपहाडी संकल्प यात्रा हुँदै मिसन ८४ जस्ता महत्वाकांक्षी जनपरिचालनका कार्यमा सरिक हुँदै आएको एमालेमा पछिल्लो समय विकसित भएका आन्तरिक घटनाक्रमले एमालेमा के पाकिरहेको छ भनेर अनुमान लगाउन सकिन्छ ।

गत मंसिरमा सम्पन्न भएका उप निर्वाचनमा देखिएको कमजोर प्रदर्शनले पार्टीपंक्तिमा, जनपरिचालनमा कमजोरी रहेको देखिन्छ । एमाले नेतृत्वले जनतासँग गरेका बाचा र प्रतिज्ञा भुलेर खाली सत्ता राजनीतिमा मात्र केन्द्रित रहेकाले जनताबाट टाढिँदै गएको बुझाइ छ । झन्डै दुई तिहाइ जनमतको सरकारको नेतृत्व गर्दा पनि जनअपेक्षा अनुरुपमा कार्य गर्न नसक्नुका पछाडि केपी शर्मा ओलीको असफलतासँग जोड्न थालिएको छ । विकास र समृद्धिको भूलभुलैयामा जनतालाई झुक्याइरहेको आरोपको सामना ओलीले गर्नुपरेको छ । पार्टीभित्रको आन्तरिक समीक्षाबेगरको देखावटी अभियान र जनपरिचालनले मात्र पार्टी सुदृढीकरण हुन नसक्ने देखिन्छ ।

२०७४ सालमा सम्पन्न भएका तीनै तहको निर्वाचनमा एमाले राष्ट्रिय शक्तिको रुपमा उदाएको थियो । तत्कालीन नेकपा हुँदाको बखत सत्ता राजनीतिका प्रमुख राजकीय पदहरुमा नेकपाकै वर्चश्व थियो तर नेकपा विघटनपश्चात् क्रमश: कमजोर बन्दै गएको एमाले अहिले आएर ओलीकै विकल्पमा आवाज उठ्न थाल्नुले राजनीतिबाट केपी शर्मा ओलीले अब विश्राम लिएर नेतृत्व हस्तान्तरण गर्नुपर्ने दबाब सिर्जना भएको छ । यसको ज्वलन्त उदाहरणका रुपमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सक्रिय राजनीतिमा फर्कने चाहनाले प्रस्ट पार्छ । केपी शर्मा ओलीलाई नै धेरै समय साथ दिएका नेताहरु, अवसर र पहुँचबाट वञ्चित अनि हेपिएका र पेलिएका नेताहरुको एउटा समूहले विद्यादेवी भण्डारीलाई सक्रिय राजनीतिमा ल्याउन गरिरहेको प्रयासले ओलीको विकल्पका रुपमा भण्डारीलाई अघि सारिएको बुझ्न सकिन्छ । कतिपयको बुझाइमा विद्यादेवी भण्डारी एमालेको नेतृत्वमा आए प्रचण्ड, माधव नेपाललगायत अन्य साना वामपन्थी दलहरुसमेत एक हुन सहज हुने बुझाइ रहेको छ । जुन सम्भावना ओली नेतृत्वमा र हुन्जेल असम्भव छ । खास गरी सरकार बनाउने र गिराउने खेलमा देशी-विदेशी शक्तिहरुको अस्वाभाविक चलखेलले सधैँभरि अस्थिरताको बीजारोपण मात्र गरिरहेर नेपाली राजनीतिका दिनहरु कहिल्यै सुखद रहन सकेनन् । यस्ता कुटिल चालहरु आगामी दिनहरुमा पनि नआउलान् भन्न सकिन्न । यसतर्फ वर्तमान सरकार बेलैमा सचेत हुनुपर्दछ । संविधान संशोधन, राजनीतिक स्थायित्व, विकास र आर्थिक समृद्धि, भ्रष्टाचार नियन्त्रण र सुशासनको लक्ष्यका साथ गठन भएको सरकारले पनि जनअपेक्षाका काम गर्न सकिरहेको छैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# नक्कली नाफा देखाउने नेफ्स्कुन सञ्चालकलाई १० वर्षसम्म कैद हुन सक्ने




काठमाडौं/वित्तीय विवरणमा नै छेडखानी गरी नक्कली देखाउने नेपाल बचत तथा ऋण केन्द्रीय संघ (नेफ्स्कुन) का पदाधिकारीलाई १० वर्षसम्म कैद हुन सक्ने देखिएको छ । नेफ्स्कुनले खराब कर्जाबापत गर्नुपर्ने नोक्सानी व्यवस्था (लोनलस प्रोभिजनिङ) नराखी नक्कली नाफा देखाएर लाभांश बाँड्ने निर्णय गरेको थियो । आफ्ना सदस्यहरूले लाभांश दिनुपर्ने माग गरेपछि वित्तीय विवरणमा हुँदै नभएको नाफा देखाएर प्रतिफल दिने निर्णय गरेको नेफ्स्कुन अध्यक्ष चन्द्रप्रसाद ढकालले पनि स्वीकार गरेका छन् ।

यसरी नक्कली विवरण तथा मिति, अंक वा बेहोरा फरक पार्ने कसुर गरे १० वर्षसम्म कैद हुने सहकारी ऐन २०७४ को दफा १२२ र १२४ मा छ । 'सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्किने बेहोरा पारी मिलाइ लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्नेजस्ता काम गरेबाट आफूलाई वा अरू कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले किर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अंक वा बेहोरा फरक पारी सहीछाप गरी गराइ कागजात बनाइ वा बनाउन लगाइ जालसाजी गरे वा गराएमा' मा त्यो कसुर गरेको मानिने ऐनको दफा १२२ को खण्ड (ढ) मा उल्लेख छ ।

त्यस्तै, दफा १२२ को खण्ड (ढ) अनुसार कुनै कसुर गरे १० वर्षसम्म कैद हुने व्यवस्था ऐनको दफा १२४ को दफा १ मा उल्लेख छ । सहकारी संघ तथा प्रारम्भिक संस्थाले तोकिए बमोजिम असल ऋणमा १ प्रतिशत, १२ महिनासम्म भाखा नाघेको ऋणमा कुल ऋणको ३५ र १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणमा शतप्रतिशत ऋण हानि व्यवस्था (लोनलस प्रोभिजनिङ) गर्नुपर्ने सहकारी विभागको निर्देशनमा उल्लेख छ ।

नेफ्स्कुनले यो व्यवस्था अनुसार ४ अर्ब १७ करोड १० लाख ९० हजार कुल कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेमा जम्मा ५१ करोड ४० लाख १९ हजार मात्रै कर्जा नोक्सानी व्यवस्था गरेको खुलेको छ । यसरी गलत वित्तीय विवरण प्रकाशित गरेको भन्दै संस्थाको लेखा परीक्षकले नै विपरीत राय (एडभर्स अपिनियन) लेखेको छ ।

यसरी संघले कानुन अनुसार गर्नुपर्ने भन्दा ३ अर्ब ६५ करोड ७० लाख ७१ हजार कर्जा नोक्सानी व्यवस्था गर्द संघको सम्पत्तिमा त्यसको असर देखिने लेखा परीक्षण प्रतिवेदनमै उल्लेख छ । गर्नुपर्ने पूरै रकम प्रोजिभनिङ गरेको भए संस्थाको पूँजीकोष नै माइनसमा जाने थियो । संस्थाको कूल पूँजीकोष २ अर्ब २६ करोड ६३ लाख रुपैयाँ छ । ३ अर्ब ६६ करोड रुपैयाँ प्रोभिजनिङ गरेको भए संस्थाको पूँजीकोष नै १ अर्ब ४० करोडले माइनसमा जाने थियो । त्यति ठूलो मात्रामा पूँजीकोष घाटामा हुनु भनेको संस्था करिब धराशायी हुने अवस्थामा पुग्नु हो ।

तर, नेफ्स्कुनले वित्तीय विवरणमै छेडखानी गरेर प्रोभिजनिङ गर्नुपर्ने रकम नाफामा जोडी वित्तीय विवरणमै अदलबदली गर्ने कार्य जालसाजीमा पर्ने अधिवक्ता तथा सर्वोच्च अदालत बार एसोसिएसनका सचिव रमण कर्ण बताउँछन् । 'यहाँ वास्तविक स्रेस्ता नराखी गलत स्रेस्ता र हिसाबकिताब राखेर नक्कली नाफा देखाएको देखियो । यो सहकारी ऐनको दफा १२२ को खण्ड (ढ) अनुरूपको कसुर हो । त्यस्तो कसुर गर्नेलाई १० वर्षसम्म कैद हुने व्यवस्था ऐनमा छ,' अधिवक्ता कर्णले भने ।

यस्तो कार्यमा सञ्चालक समिति र लगायत वित्तीय विवरणमा हस्ताक्षर गर्नेहरू दोषी हुने अधिवक्ता कर्ण बताउँछन् । लेखा परीक्षकले नै वित्तीय विवरण विश्लेषण गर्दा अधिकांश भाखा नाघेको कर्जा भएको र त्यसरी भाखा नाघेको कर्जाको जोखिम व्यवस्थाका लागि आवश्यक रकम व्यवस्था नभएको पाइएको उल्लेख गरेको छ ।

यसरी कर्जा नोक्सानी व्यवस्था नगरी सेयर लाभांश वितरण गरे वितरण गरिएको लाभांश सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरिने पनि सहकारी विभागको निर्देशनमा छ । 'दफा १२२ को कसुर गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने कुनै निकाय वा संघसंस्था भए त्यस्तो निकाय वा संघसंस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम सजाय हुनेछ,' भन्ने व्यवस्था ऐनको दफा १२४ को उपदफा ३ मा उल्लेख छ ।

सहकारी विभागका रजिस्ट्रार पिताम्बर घिमिरे पर्याप्त कर्जा नोक्सानी व्यवस्था नगरी लाभांश बाँड्ने निर्णय गरेकोमा त्यसलाई सच्याउन निर्देशन दिएको तर यो काम ऐनको दफा १२२ अनुरूपको कसुर हो कि होइन भन्नेमा विभाग अझै स्पष्ट नभएको बताउँछन् । 'विभागले दिएको निर्देशनमा कर्जा नोक्सानी व्यवस्थाबारे उल्लेख छ, वित्तीय विवरणमा त्यसअनुसार गरेको नपाइएकाले तत्काल प्रोभिजनिङ गरेर विभागलाई रिपोर्टिङ गर्न भनेका छौं,' उनले भने ।

पर्याप्त लोनलस प्रोभिजनिङ नगरी नाफा देखाएको र त्यस अनुसार लाभांश वितरण निर्णय गरेको विषय सहकारी ऐन अनुरूप कसुरमा पर्ने हो कि होइन भन्नेबारे थप अध्ययन र अनुसन्धान गर्नुपर्ने देखिएको उनले बताए । 'लेखा परीक्षकले नै पनि एडभर्स अपिनियन दिएको रहेछ, त्यसअनुसार हामीले नेफ्स्कुन र लेखा परीक्षकलाई बोलाएर पनि छलफल गऱ्यौं । विभागको निर्देशन उल्लंघन गरेकोमा त्यसलाई सच्याउन भनेको छौं, नगरे स्पष्टीकरण सोध्छौं,' उनले भने, 'दफा १२२ अनुरूपको कसुरमा दफा १२४ अनुरूप कानुनी कारबाही हुनुपर्ने हो कि होइन भन्नेमा दुई थरी मत आएकाले स्पष्ट भइरहेको अवस्था होइन ।'

नेफ्स्कुन अध्यक्ष ढकालले फेरि पनि सेयरधनीको मनोबल उकास्न त्यस्तो विवरण तयार गरेको बताए । 'सेयरधनीको मनोबल पनि उकास्नुपर्ने थियो । यस विषयमा अडिटरलाई सोधेका थियौं, उहाँले पनि प्रोभिजनिङ चाहिँ गर्नुपर्ने तर लाभांश वितरण गर्न रोक्ने कानुनी व्यवस्था नभएको भनेपछि त्यो पारित भएको हो,' ढकालले दाबी गरे । 'तपाईं यसरी हाकाहाकी गलत वित्तीय विवरण बनाएको स्वीकार गर्नुहुन्छ, यसमा त सहकारी ऐनको दफा १२४ अनुरूप १० वर्षसम्म कैद हुनसक्छ नि ?,' भन्ने प्रश्नमा उनले फेरि पनि पैसा वितरण गरी नसकेकाले कारबाही हुनु नपर्ने दाबी गरे ।

तर, यो पैसा वितरण गर्नेभन्दा पनि गलत विवरण तयार गरेको विषय भएको बताएपछि उनले प्रमुख कार्यकारी अधिकृत (सीईओ) डा. शिवजी सापकोटासँग कुरा गर्न भने । नेफ्स्कुन सीईओ सापकोटाले पनि लाभांश नदिँदा सेयर लगानीकर्तामा वितृष्णा आउने भएकाले त्यसलाई रोक्न लाभांश वितरण गर्न मिल्ने वित्तीय विवरण तयार गरिएको स्वीकार गरे ।

'लाभांश दिँदा सदस्यहरूलाई राहत हुने र समग्र सहकारी अभियानमा पनि सकारात्मक सन्देश जान्छ भन्ने सल्लाह भएर त्यस्तो गरिएको हो, तर सहकारी विभागले त्यसलाई सच्याउनु भनिसकेको अवस्थामा सच्याउँदै छौं,' उनले भने । संस्थाको कर्जा असुली सकारात्मक पनि बनेको अवस्थामा लाभांश वितरण गर्नुपर्छ भनेर त्यस्तो रिपोर्ट बनाइएको र साधारणसभामा लगिएको उनले बताए । 'लेखा परीक्षकले पनि लाभांश वितरण गर्न नमिल्ने कुरा ऐनमा छैन, निर्देशनमा छ । तपाईंहरूले विचार गर्नुस् भनेपछि बाँड्ने निर्णय गरिएको हो, यसमा कुनै व्यक्तिगत वा समूहको स्वार्थ छैन,' सीईओ सापकोटाले दाबी गरे ।

नेफ्स्कुनको लेखा परीक्षण गर्ने एनएआरएस एसोसिएट्सका म्यानेजिङ पार्टनर राजन अधिकारीले केही समयअघि संचारकर्मीसँग कुरा गर्दै आफूले कैफियत र संस्थाको अवस्थाका सन्दर्भमा आफ्नो राय लेखा परीक्षण प्रतिवेदनमा नै लेखेको बताएका थिए । पर्याप्त प्रोभिजन नगरी नाफा देखाएर लाभांश वितरण गरेको भए अर्को वर्षको लेखा परीक्षण प्रतिवेदनमा आफ्नो राय दिने भन्दै त्यस विषयमा अहिले आफूले कुनै टिप्पणी नगर्ने उनको भनाइ थियो ।

यसअघि नेफ्स्कुनले खराब कर्जाबापत प्रोभिजनिङ गर्नुपर्ने पौने ४ अर्ब रुपैयाँ नाफामा देखाएको विषयमा संचारकर्मीले समाचार प्रकाशित गरेपछि सहकारी विभागले त्यसलाई सच्याउन निर्देशन दिएको थियो । तर, नेफ्स्कुनले पहिलो पटक यस्तो गल्ती गरेको होइन । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा पनि खराब कर्जाबापत गर्नुपर्ने भन्दा साढे ५ अर्ब रुपैयाँ कम प्रोभिजनिङ गरी नाफामा लेखांकन गरेको थियो । त्यसबेला पनि लेखा परीक्षकले वित्तीय विवरणमै विपरीत राय (एडभर्स अपिनियन) दिएका थिए । सहकारी विभागले समेत त्यस्तो कार्य सच्याउन निर्देशन दिएको थियो ।

तर, बचत ऋण सहकारीको नियामकीय भूमिका समेत पाएको केन्द्रीय संघ नेफ्स्कुनले त्यसमा सुधार गर्नुको सट्टा त्यही गल्ती पटक-पटक दोहोऱ्याउँदै आएको छ । अघिल्लो पटक जस्तै यसपालि पनि त्यसरी प्रोभिजनिङ गर्नुपर्ने रकमबाट कागजी नाफा देखाएर नेफ्स्कुनले सेयरधनीलाई लाभांश बाँड्न साधारण सभाबाट पारित पनि गरेको थियो ।

पर्याप्त कर्जा नोक्सानी व्यवस्था नगरी मुनाफा देखाएर सेयर लाभांश कोषमा रकम छुट्याउने कार्य सहकारी विभागले जारी गरेको सहकारी संघसंस्था सुशासन प्रवर्द्धनका लागि एकीकृत निर्देशन २०७९ समेतको विपरीत हुन्छ । विभागले जारी गरेको उक्त निर्देशनको २० नम्बर बुँदामा तोकिए अनुसार कर्जा नोक्सानी व्यवस्था नगरी सेयर लाभांश वितरण गरे त्यस्तो रकम सञ्चालक समितिबाट उठाउने व्यवस्था छ ।

गत वर्ष नै लेखा परीक्षकले संघको वित्तीय अवस्था जोखिमपूर्ण रहेको देखाएपछि नेपाल राष्ट्र बैंकबाट विज्ञ जनशक्ति समेत मगाएर सहकारी विभागले नेफ्स्कुन अनुगमन गरेको थियो । अनुगमन क्रममा पर्याप्त कर्जा नोक्सानी व्यवस्था नभएको वाह्य लेखा परीक्षकको प्रतिवेदन समेतका आधारमा संघमा वित्तीय रूपमा समस्यामा रहेको निष्कर्ष निकालिएको थियो ।

सोही अनुगमन प्रतिवेदन आधारमा सहकारी विभागले कर्जा नोक्सानी व्यवस्था पर्याप्त गर्नुपर्ने निर्देशन सहित ६ महिना समय दिएर सुधार गर्न निर्देशन दिइएको थियो । राष्ट्र बैंकसहित विभागको अनुगमन टोलीले नेफ्स्कुनको वित्तीय विवरण विश्लेषण गर्दा अधिकांश भाखा नाघेको कर्जा भएको र त्यसरी भाखा नाघेको कर्जाको जोखिम व्यवस्थाका लागि आवश्यक रकम व्यवस्था नभएको पाइएको उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# छोरीको सट लिँदै तुलसी घिमिरेले सुरु गरे 'पहाड'को छायांकन




काठमाडौं/भेट्रान निर्देशक तुलसी घिमिरेले आफ्नो कमब्याक फिल्म 'पहाड'को छायांकन सुरु गरेका छन् । मंगलबार ऐतिहासिक स्थल गोर्खा दरबार परिसरमा मुहूर्त पूजा गरेपछि फिल्मका मुख्य अभिनेताद्वय मदनकृष्ण श्रेष्ठ, अरुण क्षेत्री र अभिनेत्री पञ्चमी घिमिरेको पहिलो सट लिइएको थियो । पञ्चमी निर्देशक घिमिरेकी कान्छी छोरी हुन् । उनले यही फिल्मबाट अभिनयमा डेब्यु गर्न लागेकी हुन् ।

युवा जनशक्ति विदेश पलायन हुँदा रित्तिँदै गएको पहाडी भूगोल र यसले ल्याउने सामाजिक तथा आर्थिक समस्यालाई फिल्मले कथावस्तु बनाएको निर्देशक घिमिरेले बताए । अहिलेको समाजको तीतो यथार्थलाई फिल्ममार्फत दर्शकसमक्ष पुऱ्याउन लागिएको उनको भनाइ छ । उनले भने, 'फिल्मले हाम्रो दायित्व र देशको आवश्यकतालाई चित्रण गर्छ ।'

ओजस्वी केसी निर्माता रहेको फिल्मलाई प्रमोद प्रधानले छायांकन गरिरहेका छन् । भारतमा फिल्म, वेब सिरिज तथा टेलिफिल्म समेत छायांकन गरिसकेका छायाँकार प्रधानले यसअघि निर्देशक घिमिरेसँग 'अन्याय', 'कोसेली', 'चिनो' र 'दक्षिणा'मा सहकार्य गरेका थिए । उनी तीस वर्षपछि नेपाली फिल्म छायांकन गर्न नेपाल आएका हुन् ।

गोर्खा आसपासमा २५ दिन र भारतमा १५ दिन छायांकन हुने फिल्ममा विपिन कार्की, सुनिल थापा, प्रियंका कार्की लगायतको पनि अभिनय रहनेछ । उनीहरुले केही दिनमा सुटिङ सेट ज्वाइन गर्नेछन् । रिम्पोछे लामा थिङ्ग र सुरेश लामा थिङ्ग सह-निर्माता रहेको फिल्ममा रञ्जित गजमेरले सङ्गीत दिएका छन् । क्रिएटिभ निर्देशकमा भारती घिमिरे छिन् । उनी निर्देशक घिमिरेकी श्रीमती हुन् ।

# 'ताण्डवम्'को 'ए सानु' गीतमा जुनिम र सरिनाको प्रेम



काठमाडौं/आगामी फागुन ९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ताण्डवम्'को पहिलो गीत 'हिमानी' (ए सानु) सार्वजनिक गरिएको छ । रोमान्टिक भावको गीतमा सुशान्त गौतमको शब्द रचना तथा संगीत छ भने इन्द्रकला राईको पार्श्व गायन छ । गायिका राई पछिल्लो समय 'भ्वाइस अफ नेपाल'को सिजन ६ मा सहभागी भएसँगै चर्चामा छिन् । यसअघि उनले गाएको 'बार्दली' गीत निकै चर्चित छ ।

रोशन विश्वकर्माको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता जुनिम गहतराज र अभिनेत्री सरिना मगर चित्रित छन् । अभावका बीच पनि उनीहरुको एकअर्काप्रति प्रेम, साथ, समर्पण र आत्मीयतालाई भिडियोमा उतारिएको छ । निर्देशक समेत रहेका जुनिमले यो गीतलाई फिल्ममा कथावाचनको रुपमा प्रयोग गरिएको बताए ।

क्राइम-थ्रिलर जनरामा आधारित रहेको 'ताण्डवम्'मा जुनिम र सरिनासहित पुष्कर गुरुङ, प्रेम सुब्बा, अनोज पाण्डे, कमल कार्की, गोपाल कटुवाल लगायतको अभिनय छ । एक नवविवाहित जोडीले पहिलो सन्तानको स्वागतको तयारी गरिरहँदा उनीहरुको जीवनमा घट्ने अकल्पनीय घटनाले निम्त्याउने उतारचढावको कथामा फिल्म आधारित रहेको जनाइएको छ ।

सिंहदेवी प्रोडक्सनले भिजुअल आर्ट्स स्टुडियोसँग निर्माणमा सहकार्य गरेको फिल्ममा धनकुमारी गहतराज, सविना मगर र मनिष गौतम निर्माताको रुपमा छन् । हरि घले लामाको छायांकन रहेको फिल्ममा सम्राट बस्नेतको द्वन्द्व निर्देशन, सुशान्त गौतमको संगीत तथा कोबिद बज्रको ब्याकग्राउन्ड म्युजिक छ । यसको कथा, पटकथा तथा संवाद अनिरुद्ध आत्रेय र हुसेनले मिलेर लेखेका हुन् ।

# 'रंगी' गीत : चिया बेच्ने मलिकासँग सलोनको प्रेम र विवाह



काठमाडौं/आगामी फागुन २ गते (भ्यालेनटाइन डे)बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'रंगी'को अघिल्लो साता सार्वजनिक ट्रेलरमा एउटा दृश्य छ, जसमा अभिनेता सलोन बस्नेतले एक युवतीसँग विवाह गरेको देख्न सकिन्छ । तर, ती युवती को हुन् भन्ने खुलाइएको थिएन । मंगलबार सार्वजनिक शीर्ष गीतले त्यो रहस्य खुलाएको छ । ती युवती अरु कोही नभएर अभिनेत्री मलिका महत हुन् ।

आमेश भण्डारी र समीक्षा अधिकारीको स्वर तथा आमेश स्वयंको शब्द र संगीत रहेको गीतको भिडियोमा मलिका र सलोनबीचको प्रेम देखाइएको छ । चिया बेचेर जीविकोपार्जन गर्ने मलिकासँग सलोनको भेटपछि अंकुराएको प्रेम र त्यसपछि विवाह हुँदै मलिका गर्भवती भएको दृश्यसम्म भिडियोमा देख्न सकिन्छ । यसले फिल्ममा मलिकाको भूमिका महत्त्वपूर्ण रहेको बुझाउँछ ।

थुप्रै फिल्ममा सहायक निर्देशकको रुपमा काम गरेका सुरेश न्यौपानेको निर्देशनमा तयार भएको फिल्ममा सलोन र मलिका सहित आयुषी ढकाल, दीलिप रायमाझी, नम्रता श्रेष्ठ, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी, सुशान्त काजी श्रेष्ठ, जयन्ती रायमाझी लगायतको अभिनय छ । पूर्व मिस नेपाल समेत रहेकी नम्रताको यो डेब्यु फिल्म हो ।

सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्मको निर्मातामा सक्षम सुवेदी, करिश्मा केसी र अनिश गौतम छन् । फिल्ममा सुमन गजमेरको लेखन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, सौरभ लामाको छायांकन, बन्दे प्रसादको सम्पादन, रोमन बज्रचार्यको ब्याकग्राउन्ड स्कोर र मुकेश शाहको साउन्ड डिजाइन छ । फिल्मको यसअघि दुई गीत, टिजर र ट्रेलर रिलिज भइसकेका छन् ।

# सरकारले बनायो एआई नीतिको मस्यौदा, ७ दिनभित्र सुझाव दिन आग्रह




काठमाडौं/सरकारले नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को विकास र प्रयोगका लागि राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८१' मस्यौदा तयार पारेको छ । मस्यौदामा एआई नियमन परिषद्, एआई केन्द्र, एआई एक्सिलेन्स सेन्टर स्थापना गर्ने उल्लेख छ । मंगलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आफ्नो वेबसाइटमार्फत 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८१' मस्यौदा सार्वजनिक गर्दै सुझाव मागेको छ ।

मस्यौदामा सरकारले एआईको विकास र प्रयोगका लागि नीतिगत दिशानिर्देश र अन्तर्राष्ट्रिय मान्यतासँग अनुकूल हुने गरी कार्य गर्न सरकारले 'एआई नियमन परिषद्' गठनको प्रस्ताव अघि सारेको उल्लेख छ । जसमा एआईसम्बन्धी मुख्य निकायका रूपमा 'राष्ट्रिय एआई केन्द्र' स्थापना गर्ने, प्रदेश र स्थानीय तहमा एआईसम्बन्धी समन्वय र सहकार्य निमाण गर्ने तथा एआईको अध्ययन, अनुसन्धान र विकासका लागि 'एआई एक्सिलेन्स सेन्टर' स्थापना गर्ने उल्लेख छ ।

मस्यौदाको रणनीति ८.२ र ८.३ मा मा एआईको अनुसन्धान, विकास, प्रयोग, नियमन र प्रवर्द्धन गर्न परिषद्, केन्द्र र सेन्टरजस्ता संस्थागत संरचना निर्माण गर्ने तथा एआईको विकास र प्रयोगका लागि आवश्रुयक डिजिटल पूर्वाधार निर्माण गर्ने उल्लेख गरिएको छ ।

प्रस्तावित नीतिमा भनिएको छ, 'एआईसम्बन्धी मुख्य निकायको रूपमा कार्य गर्ने राष्ट्रिय एआई केन्द्र स्थापना गर्ने, संघ र प्रादेशिक स्तरका विश्वविद्यालय र अध्ययन तथा अनुसन्धान गर्ने निकायमा एआईको अध्ययन, अनुसन्धान र विकासका लागि एआई एक्सिलेन्स सेन्टर स्थापना गर्न प्रोत्साहन गर्ने तथा एआईको प्रयोगबाट हुने चुनौतीको सामना गर्दै प्रभावकारी प्रयोगका लागि विद्यमान संस्थाको क्षमता अभिवृद्धि गर्ने ।'

'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८१' को मस्यौदामा एआईको नियमनका लागि विभिन्न विशेष संरचनाहरू बनाउने प्रस्ताव गरिएको छ । एआईसम्बन्धी कानुनी संरचना तयार गर्नका लागि 'एआई नियमन परिषद्' गठन गर्ने र परिषद्को अध्यक्षमा सञ्चार तथा सूचना प्रविधिमन्त्री अध्यक्ष र राष्ट्रिय एआई केन्द्रका प्रमुख सदस्य सचिव रहने प्रस्ताव गरिएको छ । जसमा एआई नियमन परिषदको सचिवालयको रुपमा राष्ट्रिय एआई केन्द्रले कार्य गर्ने प्रस्ताव गरिएको छ । यसका साथै नेपाल राष्ट्र बैंकका गभर्नर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, सञ्रुचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका सचिव, शिक्षा मन्त्रालयका सचिव, ई-गभर्नेन्स बोर्डका प्रमुख कार्यकार अधिकृत, दूर सञ्रुचार प्राधिकरणका अध्यक्ष, निजी क्षेत्रसँग सम्बन्धित संघ/संस्था (कम्तीमा एक महिलासहित २ जना) र विज्ञ (कम्तीमा एक महिला, एक प्राज्ञिक प्रतिनिधिसहित ३ जना) सदस्रुय रहने गरी परिषद् गठनका लागि प्रस्ताव गरिएको छ, जसमा कुल १६ जना रहनेछन् ।

प्रस्तावित नीतिको परिच्छेद ३ (१०.१) मा एआई नियमन परिषद्को गठन, सदस्य, सचिवालय, परिषद्को काम, कर्तव्य र अधिकारबारे उल्लेख छ । यस्तै परिषद्ले निष्पक्षता, उत्तरदायित्व, पारदर्शिता, पूर्वाग्रहीता, बौद्धिक सम्पत्तिको संरक्षण र मानव अधिकार संरक्षणजस्ता मुख्य मुद्दामा केन्द्रित भएर एआईको विकास र प्रयोगका लागि नैतिक दिशानिर्देश र मापदण्ड जारी गर्ने गरी काम, कर्तव्यबारे उल्लेख गरिएको छ ।

'राष्ट्रिय कानुन र मापदण्डलाई अन्तराष्ट्रिय सन्धि र मान्यतासँग अनुकुलन बनाउन सिफारिस गर्ने, ' नियमन परिषद्को काम कर्तव्य अधिकारमा भनिएको छ, ' एआईको सम्बन्धमा प्रदेश, स्थानीय तह तथा अन्य सम्बन्ध निकायबीच आवश्रुयक पर्ने समन्वय गर्ने, आवश्यकताअनुसार एआईको अन्य कार्यमा सहजीकरण गर्ने, नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन गर्ने र अन्य कार्य गर्ने ।' यसैगरी, सञ्चार मन्त्रालयअन्तर्गत स्थापना गरिने भनिएको एआई केन्द्रले भने 'राष्ट्रियस्तरमा एआईको विकास र प्रयोगलाई निमयन गर्ने, एआईको विषयमा तालिम, क्षमता अभिवृद्धिलगायतका कार्यक्रमहरू तथा एआईसँग सम्बन्धित वस्तु तथा सेवाको गुणस्तर तथा मापदण्ड तर्जुमा गर्ने,' प्रस्तावित मस्यौदामा उल्लेख छ । त्यस्तै, मस्यौदा नीतिमा एआईको अध्ययन, अनुसन्धान र विकासका लागि संघ र प्रादेशिक स्तरका विश्वविद्यालय तथा एआईसँग सम्बन्धित अनुसन्धान संस्थाहरूमा एआई एक्सिलेन्स सेन्टर स्थापना गरिने उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरगढीको सरङ्पुर पुललाई १३ करोडको स्रोत सहमति



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ मकवानपुरगढी गाउँपालिकाको सरङपुर तल्लोछ्याप पक्की पुल निर्माणको लागि अर्थ मन्त्रालयबाट १३ करोड २ लाख १२ हजार बराबरको बहुबर्षीय स्रोत सहमति प्राप्त भएको छ ।

सत्तारुढ दलका मुख्य सचेतक महेशकुमार बर्तौलाको पहलमा सामरी खोलास्थित सरङपुर तल्लोछ्यापमा पक्की पुल बन्ने सुनिश्चित भएको हो । बर्तौलाको स्वकीयसचिव आशिष अस्लामीले बताए अनुसार चालु आवमा संघीय सहरी विकास मन्त्रालयबाट यस पुल निर्माणको लागि जम्मा ८५ लाख बजेट विनियोजन भएको थियो ।

उनले भने-'बिनियोजित बजेटले पुल निर्माणको प्रकृया अगाडि बढाउनको लागि अर्थ मन्त्रालयबाट बहुबर्षीय स्रोत सहमति लिनुपर्ने थियो । माननीयज्यूले माननीय अर्थमन्त्रीज्यूसँग समन्वय गरी फिल्डको आवश्यकताबारे बताउनुभई स्रोत सहमती प्राप्त भएको हो ।

अब छिटै स्थानीय पूर्वाधार विकास कार्यालय, हेटौंडा मार्फत ठेक्का आह्वान हुनेछ ।" यो पुलको अध्ययन तथा डिपिआर निर्माण मकवानपुरगढीको पूर्वअध्यक्ष विदुर हुमागाईको पालामा भएको थियो ।

पूर्वअध्यक्ष हुमागाईका अनुसार पुल बासुदेव राजमार्ग र गैरीभन्ज्याङ-सुकौरा हुँदै कान्तिलोकपथ जोड्नका लागि हो । यसको निर्माण पश्चात् हेटौंडासहित साविक मकवानपुरगढी, आमभन्ज्याङ, सुकौरा, बुढीचौरलगायतका आममानिस र हेटौंडा काठमाडौं यात्रा गर्ने यात्रुलाई प्रत्यक्ष लाभ पुग्नेछ । साथै कृषिउपज उत्पादनलाई बजारीकरण गर्न र विद्यालय आवतजावत गर्ने विद्यार्थीलाई ठुलो मद्धत मिल्नेछ ।

# रोग लुकाएर राख्नु भन्दा उपचारमा लाग्नु उपयुक्त: मुख्यमन्त्री लामा



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले पाठेघरको मुखको क्यान्सर रोग चुनौतीका रुपमा रहेकाले रोग लुकाएर राख्नुभन्दा समयमा नै स्वास्थ्य संस्थामा गएर उपचार गराउन महिला दिदीबहिनीमा आग्रह गरेका छन् ।

उनले रोगको सुरुवातमा नै उपचार गरेर निर्मूल गर्नुपर्नेमा जोड दिए । मंगलवार मकवानपुरको हेटौंडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयबाट पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियानको उद्घाटन गर्दै मुख्यमन्त्री लामाले नेपालमा बर्सेनि हजारौं महिला पाठेघरको मुखको क्यान्सरबाट प्रभावित भइरहेकाले रोग लुकाएर राख्नु भन्दा उपचारमा लाग्नु उपयुक्त हुने भनाई राखे ।

नेपालमा दैनिक ४ जना महिलाले पाठेघरको मुखको क्यान्सर बाट मृत्युवरण गर्नुपर्ने अवस्था रहेको बताउँदै भयावह अवस्थालाई नियन्त्रण गर्न तीनतहको सरकारको समन्वयमा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान सुरु गरिएको उनको भनाई थियो । यो खोपबाट दैनिक ४ जना महिलाो मृत्यु हुने दरलाई नियन्त्रण गर्न सकिन्छ भन्दै उनले महिलाहरु आफूलाई भएको समस्या लुकाएर राख्ने अवस्थाले पीडामा रहेको बताए ।

मुख्यमन्त्री लामाका अनुसार पछिल्लो समय क्यान्सर प्राणघातक रोगसँगै आर्थिकरुपले पनि जटिल बनिरहेको छ । क्यान्सरको उपचारमा भन्दा पनि सहायक रोगको व्यवस्थापनमा बढी खर्च हुने गरेको उनले बताए । कार्यक्रममा प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले नेपालमा नसर्ने रोगबाट मृत्यु हुने दर बढ्दो रहेको बताए । उनले ७० प्रतिशत मानिसको नसर्ने रोगबाट मृत्यु भइरहेको बताउँदै नसर्ने रोगको क्षति रोक्नुपर्ने चुनौती रहेको बताए ।

# लोकतन्त्रलाई आत्मसात् गरेर अगाडि बढ्नु आवश्यक: राना

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनु आजको आवश्यकता भएको बताएका छन् ।

प्रेस चौतारी नेपालको २७ औं स्थापना दिवसको अवसरमा मकवानपुर शाखाले मंगलबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै उनले अधिकार प्राप्तिको चरणपछि आर्थिक समृद्धिको दिशामा बढनुपर्ने अवस्था आएको बताए । लोकतन्त्र आवरण र नारामा मात्र सीमित राख्ने विषय नभएको बताउँदै उनले लोकतन्त्रलाई आत्मसात् गरेर अगाडि बढ्न आग्रह गरे ।



मकवानपुर इन्चार्ज समेत रहेका रानाले समाजमा घृणाको रोपन गर्ने तत्व क्रियाशील रहेको बताए । राष्ट्रियता र लोकतन्त्रको विरुद्ध उभिने पक्षहरुले समाजमा नकारात्मकता फैलाइरहेको उनले उल्लेख गरे । नकारात्मक दिशातर्फ लम्किरहेको समाजलाई सही मार्ग निर्देशनमा लैजान प्रेस चौतारीको कलम चल्नुपर्ने आफ्नो अपेक्षा रहेको उनको भनाई छ । यसैगरी कार्यक्रममा बोल्दै पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरले पत्रकारले आफ्नो व्यावसायिक धर्म निभाउनुपर्ने बताए । संघीयता व्यवस्थालाई कमजोर बनाउन सञ्चारजगतबाटै अपारदर्शी ढङ्गले सहयोग भइरहेकोले त्यसतर्फ पनि सचेत रहन उनले आग्रह गरे ।

प्रेस चौतारी नेपाल, मकवानपुरकी अध्यक्ष सरिता दाहालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, एमाले जिल्ला उपसचिव आरती पाठक, प्रचार विभाग प्रमुख उज्ज्वल चौलागाईं, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य धर्मेन्द्र दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर, जिल्ला उपाध्यक्ष ध्रुब अधिकारी, स्वतन्त्र पत्रकार संघका केन्द्रीय उपमहासचिव सुरेश श्रेष्ठ, प्रेस युनियनका मकवानपुरका अध्यक्ष सुवास विडारीले मन्तब्य ब्यक्त गरेका थिए ।

# काठमाडौंमा सवारी प्रदूषण परीक्षणले देखायो अत्यासलाग्दो तथ्य

काठमाडौं, २२ माघ/ पछिल्लो समय काठमाडौं महानगर पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सवारीसाधनको प्रदूषण परीक्षण गरिरहेको छ । महानगरको वातावरण व्यवस्थापन विभागले नेपाल सरकारको वातावरण विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय र महानगर प्रहरी बलसँगको सहकार्यमा गरिरहेको सवारी परीक्षणले डर लाग्दो तथ्य देखाएको छ ।

**डिजेल सवारी ७० प्रतिशत बढी फेल**

महानगर वातावरण विभाग प्रमुख सरिता राईका अनुसार हालै ५ सय ९९ सवारीसाधनमा गरिएको प्रदूषण परीक्षणमा ५८ प्रतिशत फेल भएका छन् । महानगरले ट्राफिक प्रहरीको सहयोगमा सडकमा गुडिरहेका ती सवारीसाधन परीक्षण गर्दा ३ सय ४५ वटाको धुवाँ उत्सर्जन मापदण्ड विपरीत पाइएको उनले बताइन् ।

महानगरले डिजेलबाट चल्ने ४ सय ५१ वटा गाडी जाँच गर्दा ३ सय २२ फेल भएका छन् । यस्तै पेट्रोलबाट चल्ने १ सय ४८ मध्ये २३ फेल भएका छन् । यसरी हेर्दा पेट्रोलका सवारीसाधन भन्दा डिजेलबाट चल्ने धेरै सवारी मापदण्ड विपरीत छन् । 'हामीले सवारीसाधनबाट वायु प्रदूषणमा पार्ने असर घटाउन महानगरभित्रका विभिन्न स्थानमा आकस्मिक परीक्षण गरिरहेका छौं । यसले प्रदूषणमा फेल हुने सवारीको संख्या धेरै देखिएको छ । विशेषगरी डिजेलबाट चल्ने सवारीमा धेरै समस्या देखियो,' राई भन्छिन् ।

उनले केही साता सवारी परीक्षण गर्दा नै डरलाग्दो अवस्था देखिएको भन्दै महानगरले थप टोलीसहित परीक्षणलाई तीव्रता दिने बताइन् । 'महानगर आफूले नै कानुन बनाएर सवारी प्रदूषण परीक्षण गरेको हो । हामीले सवारीसाधनको डकुमेन्ट नै जफत गरेर कारबाही गर्न सक्छौं,' राईले संचारकर्मीसँग भनिन्, 'पहिलो पकटलाई मौका दिएर छाडेका छौं । फेरि पनि त्यस्तै भेटिए ट्राफिक प्रहरीको समन्वयमा कारबाही गर्छौं ।'

राईका अनुसार प्रदूषण परीक्षणमा फेल भएका सवारी साधनलाई सुधारको मौका दिँदा पनि मापदण्ड पूरा नभए क्रमश: कारबाहीको दायरामा ल्याएर सञ्चालनमा रोक लगाउनेसम्मको कारबाही गर्ने महानगरको तयारी छ । 'सञ्चालनमा रोक लगाउनु अगाडि सुधार गरेर चलाउने मौका दिइने छ । यो अवसरलाई प्रयोग गर्न अटेर गर्नेलाई जरिबाना तिराएर सञ्चालनमा रोक लगाइने छ,' उनले भनिन् ।

उनले कतिपय सवारी परीक्षण कार्यालयबाट हरियो स्टिकर पाएर पास भए पनि महानगरको अनुगमनमा फेल भएको पाइएको समेत बताइन् । राईले अहिले सवारी प्रदूषण परीक्षणमा फेल भएका सवारीलाई मर्मत गरेर मापदण्डमा सञ्चालन गर्न सुझाव दिइएको छ । प्रदूषण नियन्त्रणका लागि २९ पुसदेखि थालिएको यो सचेतनात्मक कार्यक्रम नियमित चलिरहेको छ । महानगरले अहिलेसम्म कुलेश्वर, कमलपोखरी, वनस्थली, कोटेश्वर, दरबारमार्ग, चक्रपथ बल्खु, बबरमहल, टेकु, सुकेधारा, सिनामंगल, पानीपोखरी र जमल भएर गुड्ने पेट्रोल तथा डिजेलबाट चल्ने सवारीसाधन परीक्षण गरेको छ । यसरी फेल हुने सवारीमा सार्वजनिक यातायात सेवाका लागि सञ्चालन भएका बस, स्कुल बस, सरकारी कार्यालयले सञ्चालन गरेको बोलेरो, सामान बोक्ने ट्रक लगायत छन् ।

(स्रोत: अनलाइनखबर)

## विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरु

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन वोर्डमा सुचीकरण गरौं,
- विज्ञापन वोर्डमा सुचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमवीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- सञ्चारमाध्यमबाट जारी बिजकुको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८१/१०/२२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक: झनक बहादुर दुधराज (लिने)* *जग्गावाला : बम बहादुर स्याङ्तान (दिने*

यस जिल्ला मकवानपुर साविक हटिया पं. वडा नं ५ तथा गढी पं. वडा नं. ३ बस्ने बम बहादुर स्याङ्तानको नाममा साविक भोग लगत तथा सर्वे नाप नक्सा भएको जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ५ को तपशिल बमोजिमका जग्गा र.नं. १४१२ मिति २०३६/१२/०७ को पारित राजिनामा लिखतबाट ज. वि. १-१६-९ मध्ये उत्तर तर्फबाट ज.वि. ०-१८-४.५ जग्गा कृष्ण बहादुरको नाती चन्द्र बहादुरको छोरा झनक बहादुर दुधराजले लिखत बमोजिम पारित गरी लिएको देखिन्छ र निवेदकको मागदावी बमोजिम जि.म. ५०१ सुखमपुर मौजेको रै.नं. ५१ को हाल सर्वे नापीको कि.नं. ३१३ को ज.वि. १-१६-९ जग्गा मध्ये पारित लिखत बमोजिम उत्तर तर्फबाट ज. वि. ०-१८-४.५ जग्गा छुट जग्गा दर्ता गराईपाउँ भनि मकवानपुरगढी गाउँपालिका वडा नं. २ को च.नं. २३ मिति २०८१/०४/१३ को सिफारिस पत्र तथा च.नं. ६२९ मिति २०८१/१०/०४ को भोगचलन खुलेको सिफारिस पत्र तथा वडा सर्जमिन मुचुल्का, पारित लिखत, साविक भोग लगत र फिल्डबुक समेत संलग्न राखी माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता दा. खा. गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./न.पा. | वडा नं | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत (निवेदक) | |
| १ | बम्ब बहादुर स्याङ्तान हटिया वडा नं.-५ बुवा-..... बाजे -..... | हटिया | ५ | ३१३ | १-१६-९ मध्ये ०-१८-४.५ | झनक बहादुर दुधराज | जिल्ला मकवानपुर, ५०१, मौजे-सुखमपुर, रै.नं. ५१ को जग्गाधनी बम बहादुर स्याङ्तान |

*इति सम्बत २०८१ साल माघ महिनाको २२ गते रोज ३ शुभम्...........................।*

हेटौंडा उपमहानगरपालिका
**८ नं. वडा कार्यालय**
कमाने, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## आदरणीय सवै वडावासीहरुमा जानकारीको लागि अनुरोध !

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

बागमती प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

## एच.पी. भी. खोप सम्बन्धि जनहितमा जारी संदेश !

नेपालमा हरेक दिन चार जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर बाट मृत्यु हुन्छ भन्ने तथ्यांक छ महिलाहरुमा विभिन्न क्यान्सर मध्ये पाठेघरको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो तर किशोरावस्थामै पाठेघरको मुखको क्यान्सर बिरुद्दको खोप लगाई यो रोगबाट बचाउन सकिन्छ त्यैसैले नेपाल सरकारद्वारा यहि मिति २०८१ माघ २२ गते देखि फाल्गुन ०६ गते सम्म एच.पी.भी. खोप संचालन हुँदैछ । मकवानपुर जिल्ला स्थिति १० वटै स्थानीय तह अन्तर्गत बिद्यालय लक्षित खोप केन्द्र बाट २०८१ माघ २२ गते बाट माघ २८ गतेसम्म एच.पी.भी. खोप संचालन हुदैछ । यस एच.पी.भी. खोप अभियानमा कक्षा ६ देखि कक्षा १० सम्म अध्यन गर्ने छात्राहरु र विद्यालय नजाने १० बर्ष देखि १४ बर्ष सम्मका किशोरीहरुलाइ एच.पी. भी. खोप लागाइदै छ । त्यसैले आृनो नजिकैको बिद्यालय वा तपाइको नानि अध्यन गर्ने बिद्यालयमा यो खोप कहिले संचालन हुदैछ जानकारी लिनुहोस् र आफ्नो नानीले यो खोप लिए/नलिएको सुनिस्चित हुनुहोस याद गर्नुहोस माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी. खोप लागाइदै छ । अभियानको अन्तिम दिन तपाइको नजिकको स्वास्थ्य संस्था बाट समेत यो खोप संचालन हुदैछ । यो खोप महिनाबारीको समयमा समेत लगाउन सकिन्छ अर्थात यस खोपले महिनावारीमा कुनै असर गर्दैन । एच.पी.भी. खोप अभियानको सम्बन्धमा कुनै जिज्ञासा भएमा नजिकैको बिद्यालय, स्वास्थ्य संस्था स्वास्थ्यकर्मी वा म.स्वास्थ्य सयम सेविकासँग जानकारी लिन सकिन्छ भने नि:शुल्क कल सेन्टर १११५ बाट समेत जानकारी पाउन सकिन्छ । बिद्यालय नजाने १० बर्षदेखि १४ बर्ष सम्मका किसोरिहरु यो खोप बाट छुटन नदिन सहयोग गरिदिनुहन अनुरोध छ । खोप लगाएसंगै सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौ साथै यो एच.पी.भी. खोप आगामी आ.व. देखि नियमित रुपमा समेत संचालन हुनेछ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना